नेपाल सरकार
गृह मन्त्रालय
**प्रहरी प्रधान कार्यालय**
प्रहरी महानिरीक्षकको सचिवालय

फोन: ०१-४४१२४३२, ०१-४४१२७३७
Ext: ०१-४४११२१०, १०२,११५,११६
फ्याक्स : ०१-४४१५५९३
पो.ब.नं. ४०७
नक्साल, काठमाण्डौ

पत्र संख्या: (२०७५/०७६)
प्रा.प.सं. :

मिति: २०७५।०४।०३ गते।

## प्रेस विज्ञप्ति

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अनशनरत डा. गोविन्द के.सी.को अवस्था गम्भिर बन्दै गएकोले वहाँलाई थप स्वास्थ्य उपचारको लागि आज मिति २०७५।०४।०३ गते १५:४० बजे नेपाल प्रहरी सहितको टोलीले नेपाली सेनाको हेलिकप्टर मार्फत काठमाण्डौ ल्याईएको व्यहोरा जानकारी गराईन्छ।

यसरी काठमाडौं ल्याउने क्रममा प्रतिष्ठान हाताभित्र प्रहरीमाथि सिसा तथा चिर्पट प्रहार गरी हुलहुज्जत गर्दा प्रहरी तर्फ प्रहरी अधिकृतसहित ३ (तीन) जना प्रहरी घाइते भएकोमा अन्यको अवस्था सामान्य रहेको छ भने प्र.ज. कमल आचार्यको छातीमा सिसाको टुक्रा र प्रहार गरिएको चिर्पटमा रहेको किला गडेर गम्भीर घाइते भएकोमा हाल निजको सोही प्रतिष्ठानमा शल्यक्रिया लगायतका उपचारहरु भईरहेको जानकारी गराइन्छ।

यसै बिषयलाई लिएर कतिपय अनलाईन र केहि न्युज च्यानलहरुमा प्रहरीले गोली प्रहार गरेको र एकजना प्रहरी जवानको गोली लागि मृत्यु भएको भन्ने समाचारहरु प्रेषित भएकोमा नेपाल प्रहरीको गम्भिर ध्यानाकर्षण भएको छ, सो सम्बन्धमा नेपाल प्रहरीवाट गोली नचलाएको र हालसम्म कोहि पनि हताहत नभएको जानकारी गराईन्छ।

'समाचार ब्रेक गर्ने होडबाजीमा असत्य समाचार संप्रेषण गर्ने' र मृत्यु जस्तो मानवीय संवेदनाको बिषयमा सूचनाको आधिकारिक पुष्टि समेत नगरी समाचार संप्रेषण गर्दा त्यसवाट सम्बन्धित संगठन र निजको परिवारमा मानसिक एवं भावनात्मक आघात पर्न जाने र पाठक वर्गको सहि सूचना प्राप्त गर्ने हक समेत कुण्ठित हुने हुँदा यसरी समाचार प्रेषित गर्दा संवेदनशिल एवं जवाफदेही भई संप्रेषण गर्न हुन समेत नेपाल प्रहरी सम्बन्धित सबैमा हार्दिक अपिल गर्दछ।

प्रहरी वरिष्ठ उपरीक्षक
( शैलेश थापा क्षेत्री )
केन्द्रीय प्रहरी प्रवक्ता